केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/२२/०६८/६९ मिति: २०६८/१०/०२

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिम गर्ने नीतिगत व्यवस्था कायम गरिएको हुँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

(१) यस बैंकबाट जारी एकीकृत निर्देशनको इ.प्रा. निर्देशन नं. ३।०६८ को बुँदा नं. १२ पछि देहायको व्यवस्था थप गरिएको छः-

*"यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गका बैंकहरुले कृषि र उर्जा क्षेत्रमा कुल कर्जा लगानीको न्यूनतम १० प्रतिशत कर्जा लगानी गर्नुपर्ने छ । यो निर्देशन जारी हुनु अघि उक्त क्षेत्रहरुमा १० प्रतिशत भन्दा कम कर्जा लगानी रहेको भएमा २०७१ आषाढ मसान्तसम्म न्यूनतम १० प्रतिशत पुऱ्याउने गरी २०६८ आषाढ मसान्तमा कायम रहेको कर्जा लगानी प्रतिशतलाई आधार लिई वार्षिक २ प्रतिशत विन्दुले वृद्धि गर्नु पर्नेछ ।*

*स्पष्टिकरण: (१) 'कृषि क्षेत्र' भन्नाले यस बैंकबाट जारी ने. रा. बैंक निर्देशन फा.नं. ३ को क्र.सं. १ र २ बमोजिमको क्षेत्रहरु जनाउने छ ।*

*(२) 'उर्जा क्षेत्र' भन्नाले यस बैंकबाट जारी ने. रा. बैंक निर्देशन फा.नं. ३ को क्र.सं. ६.१ बमोजिमको क्षेत्रहरुलाई मात्र जनाउने छ ।"*

(२) यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को ने. रा. बैंक निर्देशन फा.नं. ३ र ९.३ को क्र.सं. ६ मा देहाय बमोजिम हुने गरी संशोधन गरिएको हुँदा २०६८ माघ महिना देखि लागू हुने गरी सोही बमोजिमको विवरण पेश गर्नु पर्नेछ । साथै, संशोधित ने. रा. बैंक निर्देशन फा.नं. ३ र ९.३ यसै साथ संलग्न गरिएको छ ।

| ६. | **उर्जा, अन्य विद्युत, ग्यास र पानी** |
|---|---|
| ६.१ | उर्जा |
| ६.१.१ | जलविद्युत |
| ६.१.२ | नविकरणीय उर्जा |
| ६.२ | अन्य विद्युत सेवा |
| ६.३ | ग्याँस तथा ग्याँस पाइप लाइन सेवा |
| ६.४ | पानी |

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(३) यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को इ.प्रा. निर्देशन नं. १४/०६८ को बुँदा नं. १ को खण्ड (झ) मा मिति २०६८।८।१९ को परिपत्रबाट भएको संशोधन बमोजिम यस बैंकले उपलब्ध गराउदै आएको शुन्य ब्याजदरमा कर्जा लिन चाहने वाणिज्य बैंकहरुले आगामी २०६९ श्रावण १ गतेबाट त्यस्तो कर्जा सुविधा लिन चाहेमा यस निर्देशनको बुँदा नं. (१) बमोजिम २०६९ आषाढ मसान्तसम्ममा कृषि र उर्जा क्षेत्रमा गर्नुपर्ने लगानी पूरा गरेको अवस्थामा मात्र शुन्य ब्याजदरमा कर्जा सुविधा उपलब्ध गराइने छ ।

(४)यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गका बैंकहरुलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ र ५० बमोजिम देहायको शर्त तथा मापदण्डको अधिनमा रही कृषि क्षेत्रमा भएको कर्जा लगानीमा पुनरकर्जा सुविधा (Refinancing Facility) उपलब्ध गराउन सकिने छ ।

**शर्त तथा मापदण्डहरु :**

(१) कृषि क्षेत्रसँग सम्बन्धित परियोजनाको लागि सम्बन्धित बैंकले पुनरकर्जा लिन सिफारिश सहित यस बैंक समक्ष तोकिएको ढाँचामा आवेदन पेश गर्नु पर्ने छ ।

(२) बैंकले पुनरकर्जाको लागि आवेदन गर्दा सम्बन्धित परियोजना सञ्चालनको वर्तमान अवस्था, वित्तीय विवरण र परियोजना सम्बद्ध फर्म/कम्पनी र संचालकको कालोसूची सम्बन्धी जानकारी लिई सिफारिश गर्नु पर्नेछ ।

(३) आवेदन साथ पुनरकर्जा माग गर्ने बैंकले आफ्नो वित्तीय अवस्था झल्कने परिसूचकहरु खुलाउनु पर्नेछ । तोकिएको पूँजीकोष पूरा भएका बैंक तथा वित्तीय संस्थालाई मात्र पुनरकर्जा उपलब्ध गराइने छ ।

(४) पुनरकर्जा सुविधा असल वर्गमा रहेको सम्बन्धित परियोजनामा प्रवाह भएको कर्जाको सुरक्षणमा मात्र उपलब्ध गराइने छ । यस्तो कर्जा विगत छ महिनादेखि असल वर्गमा वर्गीकृत भई न्यूनतम अर्को छ महिना कर्जाको भुक्तानी अवधि बाँकी रहेको हुनु पर्नेछ ।

(५) पुनरकर्जा सुविधा सम्बन्धित परियोजनाको असल कर्जाको धितोको बढीमा ८० प्रतिशत वा बैंकको प्राथमिक पूँजीको बढीमा ६० प्रतिशतसम्म मात्र प्रदान गरिने छ । सुरक्षणस्वरुप दिइएको धितो सुरक्षणमा यस बैंकको पहिलो दावी (First Charge) रहनेछ ।

(६) पुनरकर्जा सुविधा बढीमा ६ महिनाको लागि मात्र उपलब्ध गराइने छ ।

(७) पुनरकर्जा सुविधा बार्षिक ६.५० प्रतिशत ब्याजदरमा उपलब्ध गराइने छ । सम्बन्धित बैंकले यस्तो पुनरकर्जा प्रयोग गर्ने परियोजनाबाट पुनरकर्जा उपयोग गरेको रकममा सोही मितिदेखि अधिकतम १०.०० प्रतिशतमा नबढ्ने गरी ब्याजदर कायम गर्नु पर्ने छ ।

(८) पुनरकर्जाको साँवा र ब्याज एक मुष्ट रुपमा तोकिएको अवधिभित्र भुक्तानी गर्नु पर्ने छ । तोकिएको अवधिभित्र पुनरकर्जाको सावाँ/ब्याज भुक्तानी नगरेमा सम्बन्धित बैंकले सो अवधिमा प्रकाशित गरेको कर्जा तथा सापटको अधिकतम ब्याजदर नै पेनाल ब्याजदर कायम गरी असूलउपर गरिने छ । यस बैंकले ऋणी बैंकको कुनै पनि खाता खर्च (Debit) गरी त्यस्तो पुनरकर्जा असुलउपर गर्न सक्ने छ ।

(९) तोकिएको भुक्तानी अवधि अगावै आंशिक वा सम्पूर्ण पुनरकर्जा चुक्ता गर्न सकिने छ । पुनरकर्जा वापतको साँवा आंशिक रुपमा भुक्तानी गर्ने भएमा सो मितिसम्मको सम्पूर्ण पुनरकर्जाको ब्याज रकम समेत भुक्तानी गर्नु पर्ने छ ।

(१०)पुनरकर्जा सुविधा उपयोग गर्ने बैंकले पुनरकर्जा सुविधा प्राप्त गर्न यस बैंकका नाउँमा तमसुक गरिदिनु पर्ने छ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(११) पुनरकर्जा उपयोग गरिरहेको परियोजना धितो राखी पुनः पुनरकर्जा लिन चाहेमा हाल उपयोग गरेको पुनरकर्जा चुक्ता गरेको हुनुपर्ने छ । यसरी अघिल्लो पुनरकर्जा चुक्ता भैसकेपछि आगामी अवधिको लागि पुनरकर्जा उपलब्ध गराउन सकिनेछ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।